दिप्रुङ चुईचुम्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङ

Diprung chuichumma Rural Municipality

Office of the Rural Municipal Executive

Yangsolatar, Khotang

पत्र सख्यां :- ०७७/०७८ प्रदेश नं. १, नेपाल

चलानी नम्वर : मिति :२०७८/०२/१२

## *प्रेस विज्ञप्ति*

गत वर्ष देखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण यस वर्ष थप भेरियन्ट लक्षण सहित अझ द्रुत गतीमा फैलिएको अवस्थाले हाम्रो दिप्रुङ चुइचुम्मा गाउँपालिका पनि आक्रान्त भएको छ । यो संक्रमणको अवस्थालाई न्यूनिकरण गर्नको लागि गाउँपालिकामा गठित कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यदलको मिति २०७८/०२/०७ गतेको बैठकले सबै वडामा एन्टीजेन परिक्षण गर्ने निर्णय अनुसार कोभिड-१९ को संक्रमण आशंका भएका व्यक्तिहरुको कोभिड-१९ एन्टीजेन परिक्षण गर्ने निर्णय भए अनुसार मिति २०७८/०२/०९ गते देखि आज मिति २०७८/०२/१२ गतेका दिन सम्म सातै वटा वडा तथा अस्थायी कोभिड अस्पताल याम्खामा १७३ जनाको परिक्षण गर्दा ५९ जनामा कोभिड-१९ पोजेटिभ देखिएकोमा एक जना उपचार पछि स्वस्थ भई घर फर्किसक्नु भएको र हाल ५८ जना अस्पताल तथा होम आइसोलेसनमा उपचाररत रहनु भएको अवस्थालाई दुखद क्षण मान्न हामी बाध्य छौं । तर पनि नागरिकहरुको आफ्नै घर आगनको आशा र भरोसाको केन्द्रको रुपमा रहेको स्थानीय सरकार भएको हुँदा तपाईहरुको हर प्रकारको सेवा गर्न दिप्रुङ चुइचुम्मा गाउँपालिका तत्परताका साथ अहोरात्र खटिरहेको अवस्थामा गाउँपालिकामा रहेका कोभिड-१९ को लक्षणको आशंका भएका सबै नागरिकहरुको आवश्यकता अनुसारको परिक्षण गराउन गाउँपालिका तत्पर छ । त्यसैले कसैले पनि रोग नलुकाउ, उचित र सही सूचना प्रदान गरी गाउँपालिकाबाट सेवा प्रदान गर्न सहयोग गर्नु हुन सबैमा हार्दिक आग्रह गर्दछु । यस विपदको समयमा सबै नागरिकहरु हतोत्साहित नभई उच्च मनोवलका साथ यो संक्रमण सँग जुध्न हार्दिक अपिल गर्दै सबै संक्रमित नागरिकहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

...........................

**भुपेन्द्र राई**

**गाउँपालिका अध्यक्ष**

भुपेन्द्र राई

गाउँपालिका अध्यक्ष

“हामी दिप्रुङ चुइचुम्माली, ल्याउछौं समृद्धि अनि खुशियाली ”

**Email : ito.diprungmun@gmail.coml website : www.diprungmun.gov.np**